धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily | राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १६ ◆ २०८३ साउन १६ गते शनिबार, Saturday, August 1, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## संसद्मा नौ विधेयक दर्ता

काठमाडौँ । सङ्घीय संसद् सचिवालयमा विभिन्न विषयसँग सम्बन्धित नौ वटा विधेयक शुक्रबार दर्ता भएका छन् ।

नेपाल सरकार, मन्त्रिपरिषद्को हालैको निर्णयका आधारमा प्रतिनिधिसभा र राष्ट्रियसभामा ती विधेयक दर्ता भएका सङ्घीय संसद् सचिवालयले जनाएको छ । प्रतिनिधिसभामा दर्ता भएका विधेयकमा संवैधानिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवाका सर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३, खानी तथा खनिज पदार्थ विधेयक, २०८३, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३, राहदानी (पहिलो संशोधन) विधेयक, २०८३, मेलमिलापसम्बन्धी (तेस्रो संशोधन) विधेयक, २०८३, बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८३ र कर्मचारी सञ्चय कोष (तेस्रो संशोधन) विधेयक, २०८३ रहेका छन् ।

यस्तै राष्ट्रियसभामा आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयक, २०८३ र सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ दर्ता भएका छन् । प्रतिनिधिसभाको बैठक यही साउन १९ गते मङ्गलबार र राष्ट्रियसभाको बैठक यही साउन १८ गते सोमबारका लागि तोकिएका छन् ।

सरकारले सदनको यस आर्थिक वर्षका लागि प्राथमिकताका आधारमा निजामति कर्मचारी विधेयक, विद्यालय शिक्षा विधेयकसहित १६६ विधेयक सदनमा पेस गर्ने एकीकृत विवरण घोषणा गरेको छ ।

## भन्सार छलीका कपडासहित तीन जना नियन्त्रणमा

भद्रपुर । भारतबाट अवैध रूपमा भन्सार छली गरी भित्र्याइएका कपडासहित ओसारपसारमा प्रयोग भएका दुई वटा सिटी सफारी र तीन जनालाई प्रहरीले झापाबाट शुक्रबार नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-१० स्थित सडकखण्डमा शङ्कास्पद अवस्थामा रहेका प्र१-०१-००१ ह ८७६० र प्र१-०१-००१ ह ९५४४ नम्बरका दुई वटा सिटी सफारीलाई जाँच गर्ने क्रममा भारतबाट भन्सार छली गरी ल्याइएका पर्दाका कपडाहरू बरामद गरेको हो । प्रहरीका अनुसार बरामद कपडाको अनुमानित मूल्य रु चार लाख ८७ हजार ५०० रहेको छ । नियन्त्रणमा लिइएका दुवै सिटी सफारीको अनुमानित मूल्य रु चार लाख रहेको छ । घटनामा संलग्न रहेको आरोपमा सामान धनी झापाको अर्जुनधारा नगरपालिका-४ निवासी ५३ वर्षीया सुधादेवी खड्का (निरौला), सिटी सफारी चालक मेचीनगर नगरपालिका-७ निवासी ३० वर्षीय दीपेश थापा र मेचीनगर नगरपालिका-६ निवासी ४५ वर्षीय प्रेमबहादुर खत्रीलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । नियन्त्रणमा लिइएका कपडा, दुवै सिटी सफारी तथा सङ्लग्न तीनै जनालाई आवश्यक कानुनी कारबाहीका लागि भद्रपुर भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रुज्जन अवाले जानकारी दिनुभयो ।

## बालबालिकालाई हिंसात्मक गतिविधिमा नराख्न आग्रह

जनकपुरधाम । मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र कानुनी व्यवस्था कायम राख्न अभिभावकहरूसँग आग्रह गरेको छ ।

प्रहरी कार्यालयले शुक्रबार अपिल जारी गर्दै सडक प्रदर्शन, जुलुस तथा भीडमा बालबालिकाको संलग्नता बढ्दै गएको उल्लेख गर्दै यसप्रति सबै अभिभावक सचेत हुनुपर्ने उल्लेख गरेको छ । अपिलमा अभिभावकलाई आफ्ना बालबालिकालाई उत्तेजनात्मक, हिंसात्मक तथा कानुन विपरीत गतिविधिमा सहभागी हुन नदिन, अत्यावश्यक कामबाहेक घरबाहिर नपठाउन तथा उनीहरूको गतिविधिमा निगरानी राख्न अनुरोध गरेको छ ।

साथै सामाजिक सञ्जालमा फैलिने भ्रामक र भड्काउ सूचनाबाट सचेत रहन पनि आग्रह गर्दै अपिलमा बालबालिकाको सुरक्षा, शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा कानुनको पालनामा सहयोग पुर्याउन सम्पूर्ण अभिभावक, जनप्रतिनिधि, शिक्षक, समाजसेवी तथा समुदायका सदस्यहरूलाई सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरिएको छ । मधेस प्रदेश प्रहरी कार्यालयका सहप्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक भेषराज रिजालद्वारा जारी अपिलमा सामाजिक एकता र शान्ति कायम राख्न सबै पक्षको सहकार्य आवश्यक पर्ने जनाइएको छ ।

## सामाजिक सद्भाव कायम राख्ने निर्णय

जनकपुरधाम । जनकपुरधामसहित धनुषाका विभिन्न स्थानमा भइरहेका प्रदर्शनलाई दृष्टिगत गरी सर्पक्षीय सद्भाव समितिले सामाजिक सद्भाव कायम राख्न सबै पक्षबीच समन्वय र सहकार्य गरिने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाको पहलमा शुक्रबार बसेको सर्वपक्षीय सद्भाव समितिको बैठकले सुनसरी घटना पश्चात् धनुषामा उत्पन्न शान्ति, सुरक्षाको अवस्थाको समीक्षा गर्दै सामाजिक सद्भाव कायम राख्न सबै पक्षबीच आवश्यक समन्वय र सहकार्य गर्ने निर्णय गरेको हो ।

बैठकले जनकपुरधामसहित जिल्लाभर सामाजिक सद्भाव, शान्ति, सुरक्षा र अमनचयन कायम राख्न सबै धर्म, समुदायका अगुवा, नागरिक समाज, बुद्धिजीवी, राजनीति दल, सङ्घसंस्था, स्थानीय तहका जनप्रतिनिधि तथा सञ्चारकर्मीले आ-आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्ने निर्णय गरेको छ ।

## अदालती पत्रकारितासम्बन्धी मार्गदर्शन सार्वजनिक

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । अदालती पत्रकारितालाई केन्द्रित गरेर तयार गरिएको 'अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शन' सार्वजनिक भएको छ । संवैधानिक तथा न्यायिक पत्रकार मञ्चले शुक्रबार आयोजना गरेको कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीशसमेत रहनुभएका सम्पादन तथा प्रकाशन समितिका संयोजक हरि फुयाँल, न्यायाधीश सुनील पोखरेल, नेपाल बार एसोसिएनका अध्यक्ष प्रा डा विजयप्रसाद मिश्रलगायतले उक्त पुस्तकको सार्वजनिक गर्नुभएको हो ।

न्यायाधीश फुयाँलले कानुनी पत्रकारिताका क्षेत्रमा कार्यरत पत्रकारका लागि तथा नवप्रवेशीका लागि यो पुस्तक मार्गदर्शन गर्न थप उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । सूचना प्रविधिको विकाससँगै अदालत अहिले सूचनामा पारदर्शी बन्दै गएकाले जनगुनासो नआउनेगरी काम हुन थालेको उहाँले बताउनुभयो ।

"कानुनी पत्रकारिता पहिलाभन्दा स्तरीय हुँदै गएको छ । पहिला कानुनमा समाचार लेख्ने पत्रकारको सङ्ख्या नगन्य हुन्थ्यो । अहिले सङ्ख्यात्मक वृद्धि भएको छ", न्यायाधीश फुयाँलले भन्नुभयो, "अदालतहरूले प्रवक्ता तथा सूचना अधिकारीको व्यवस्था गरेका छन्, वेबसाइटबाटै पनि सूचना लिनसक्ने व्यवस्था गरिँदैछ, यसबाट पनि पत्रकारलाई सहजीकरण हुँदै आएको छ ।" बारका अध्यक्ष प्रा डा मिश्रले उक्त प्रकाशन न्यायिक पत्रकारिताका लागि मात्रै नभएर समग्र पत्रकारिताका लागि महत्वपूर्ण स्रोत सामग्री हुने विश्वास व्यक्त गर्नुभयो । "कानुनी क्षेत्रलाई बिट बनाएर पत्रकारिता गर्नेका लागि पुस्तक महत्त्वपूर्ण छ", उहाँले भन्नुभयो, "सामान्य कानुनी ज्ञान हासिल गरेको वा कानुनी ज्ञानै नभएकाले अदालतको समाचार लेख्दा तात्विक भिन्नता पर्दछ ।"

मञ्चका पूर्वअध्यक्ष डा लीलाधर उपाध्यायले पुस्तक अदालती पत्रकारिता गर्ने पत्रकारका लागि महत्त्वपूर्ण दस्तावेज भएको बताउँदै यसले अदालती पत्रकारिता क्षेत्र झनै उत्तरदायी बन्ने अपेक्षा गरिएको उल्लेख गर्नुभयो । मञ्चका अध्यक्ष कालिका खड्काले मार्गदर्शन अदालती समाचार लेख्ने, कानुनी पत्रकारिताको विषयमा अध्ययन गर्न चाहनेका लागि महत्त्वपूर्ण स्रोत सामग्री बन्न सक्ने बताउनुभयो । तीन वर्षको तयारीबाट पुस्तक प्रकाशनमा ल्याइएको जनाउँदै उहाँले अदालतली पत्रकारितका विषयमा समाचार लेख्नेका लागि यो सहयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

सर्वोच्च अदालतका शाखा अधिकृत राकेश बमले लेखन तथा सम्पादन गर्नुभएको हो । पुस्तकमा नेपालको न्यायिक र अदालती पत्रकारिताको इतिहास, मिथ्या सूचना पत्ता लगाउने तरिका, अदालती बिट पत्रकारिता गर्दा अपनाउनुपर्ने संवेदनशीलता, अदालती पत्रकारिताका चुनौती, अदालती पत्रकारिता र अदालतको अवहेलनासम्बन्धी विषय र सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू समेटिएका छन् । यस्तै संवैधानिक व्यवस्था, अदालतहरू, न्याय सम्पादन गर्ने अर्धन्यायिक निकाय, अदालती मुद्दाका प्रक्रिया, अदालतमा मानव संशाधन, अदालतको अवहेलनासम्बन्धी कानुन, अदालती समाचार लेख्दा पालना गर्नुपर्ने आचरणगत मार्गदर्शन समेटिएका छन् ।

## सञ्चारमन्त्री डा तिमिल्सिनासँग इजरायली राजदूतको शिष्टाचार भेट

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासँग नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरी बासले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

मन्त्रालयमा शुक्रबार भएको भेटमा नेपाल-इजरायलबीचको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध, आपसी हितका विषय तथा सूचना प्रविधि, डिजिटल रूपान्तरण, दूरसञ्चार, कृषि, शिक्षा र मानव स्रोत विकासका क्षेत्रमा सहकार्य विस्तारका सम्भावनाबारे छलफल भएको हो । भेटका क्रममा राजदूत बासले सन् १९६० देखि नेपाल-इजरायलबीच रहेको मैत्रीपूर्ण सम्बन्ध निरन्तर सुदृढ हुँदै आएको उल्लेख गर्दै सूचना प्रविधि, डिजिटल नवप्रवर्तन, कृषि आधुनिकीकरणलगायतका क्षेत्रमा सहकार्य विस्तार गर्न इजरायल प्रतिबद्ध रहेको बताउनुभयो ।

सो भेटका क्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपालले सूचना तथा सञ्चार प्रविधिमार्फत सुशासन र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै डिजिटल पूर्वाधार, दूरसञ्चार प्रविधि र नवप्रवर्तनका क्षेत्रमा इजरायलको अनुभव तथा असल अभ्यासबाट नेपाल लाभान्वित हुनसक्ने बताउनुभयो । उहाँले सूचना प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा नेपाली युवाका लागि तालिम, अध्ययन र व्यावसायिक अनुभवका अवसर विस्तार गर्न आग्रह गर्नुभयो ।

भेटमा दुवै पक्षबीच सूचना प्रविधि, डिजिटल रूपान्तरण तथा बहुपक्षीय मञ्चहरूमा सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विचार आदानप्रदान भएका थिए । संचारकर्मीले पछिल्लो समय यस्ता खलका भेटलाई तिव्रता दिईरहेका छन् ।

## सरकार-लघुवित्त पीडितबीच पाँच बुँदे सहमति

काठमाडौँ । नेपाल सरकार र लघुवित्त पीडित सङ्घर्ष समितिबीच पाँच बुँदे सहमति भएको छ । उक्त सहमति अनुसार लघुवित्त पीडितका समस्या समाधानका लागि १५ दिनभित्र कार्यान्वयन योजनासहितको सिफारिस पेस गरिनेछ । सहमतिसँगै लघुवित्त पीडितहरूले आन्दोलन तथा अनसनका कार्यक्रम स्थगित गरेका छन् ।

नेपाल सरकारद्वारा गठित लघुवित्त पीडितका समस्या समाधानका लागि गठित वार्ता टोलीका पदाधिकारी र लघुवित्त तथा वित्तिय शोषण विरुद्धको सङ्घर्ष समितिका पदाधिकारीबीच शुक्रबार अर्थ मन्त्रालयमा पाँच बुँदे सम्झौता भएको हो । दुवै पक्षबीच लघुवित्त पीडितहरुको समस्या समाधानका लागि उपयुक्त विकल्पसहितको प्रतिवेदन पेश गर्न गठित कार्यदलको २०८१ साउन २२ गतेको प्रतिवेदन कार्यान्वयन कार्ययोजनासहित कार्यान्वयनका लागि १५ दिन भित्र अर्थ मन्त्रालयमा सिफारिस पेस गर्ने सहमति भएको छ ।

यस्तै, समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरोत्थानका लागि पुन:स्थापना कार्यक्रम सञ्चालन गर्ने, कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकन गर्ने तथा व्यावहारिक समाधानका विकल्पहरू सिफारिस गर्ने दुवै पक्षबीच सहमति भएको आज जारी विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी 'घ' वर्गका इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सञ्चालन मार्गदर्शन, २०८१ को पूर्ण कार्यान्वयन गर्ने र सो को नेपाल राष्ट्र बैंकले कडाइका साथ अनुगमन गर्ने सहमति भएको छ ।

यस्तै लघुवित्त वित्तीय संस्थाले ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड गर्ने लगायतका कानून विपरितका कार्यहरु उपर प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने तथा लघुवित्त तथा वित्तीय शोषणविरुद्धको सङ्घर्ष समितिको तर्फबाट देशभर जारी रहेका सम्पूर्ण आन्दोलन तथा अनसनका कार्यक्रमहरू आजैका मितिदेखि पूर्ण रूपमा अन्त्य गर्ने दुवै पक्षबीच सहमति भएको विज्ञप्तिमा उल्लेख छ । अर्थमन्त्रालयका सहसचिव महेश आचार्यको संयोजकत्वमा गठित समितिका सदस्यमा कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई, गृह मन्त्रालयका सहसचिव सुरेश पन्थी र नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक रामु पौडेल रहनुभएको छ । वार्ता समितिको सदस्य सचिवमा अर्थ मन्त्रालयका उपसचिव बोलराज आचार्य र हनुभएको छ ।

## सामुदायिक वनबाट २१ थान भरूवा बन्दुक बरामद

काठमाडौँ । दाङका विभिन्न सामुदायिक वनबाट २१ थान भरूवा बन्दुक बरामद गरिएको छ ।

दाङका विभिन्न युनिटबाट खटिएका प्रहरी टोलीले तुलसीपुर उपमहानगरपालिका-८ स्थित अश्वारा सामुदायिक वनबाट एक थान भरुवा बन्दुक र छर्रा चार थान, बङ्गलाचुली गाउँपालिका-३ लामपोखरास्थित जनचेतना सामुदायिक वनबाट चार र वडा नं ६ टोट्केलेखस्थित लालीगुँरास सामुदायिक वनबाट आठ थान भरुवा बन्दुक बरामद गरेको हो ।

## सम्पादकीय ....

### काँग्रेसमा आत्मसमिक्षा खै ?

नेपाली कांग्रेस देशको सबैभन्दा पुरानो र लोकतान्त्रिक इतिहास बोकेको दल हो । यसले लोकतन्त्रका लागि असंख्य बलिदान दिएको छ । हजारौं कार्यकर्ताको त्याग र सङ्घर्षले आजको लोकतान्त्रिक व्यवस्था स्थापित भएको हो ।

बीपी कोइरालाको राजनीति कुनै व्यक्ति, परिवार वा गुटको वरिपरि केन्द्रित थिएन । उहाँका लागि राजनीति भनेको जनताको विश्वास जित्ने माध्यम, राष्ट्र निर्माणको अभियान र लोकतन्त्रलाई जीवनपद्धति बनाउने साधन थियो । उहाँले राष्ट्रियता, प्रजातन्त्र, समाजवाद र मेलमिलापलाई नेपाली राजनीतिको आधारशिला बनाउनुभयो । उहाँको दृष्टिमा लोकतन्त्र केवल निर्वाचन जित्नु होइन, फरक विचारको सम्मान गर्नु, योग्य व्यक्तिलाई अवसर दिनु र जनताप्रति जवाफदेही हुनु पनि हो ।

कांग्रेसप्रति जनताको अपेक्षा पनि स्वाभाविक रूपमा बढी छ । तर दुर्भाग्यवश, पछिल्ला वर्षहरूमा पार्टीभित्र देखिएका विवाद, गुटगत प्रतिस्पर्धा, नेतृत्वप्रतिको असन्तुष्टि र सङ्गठनात्मक कमजोरीले जनविश्वासमा प्रश्न उठ्न थालेका छन् ।

कांग्रेसको सबैभन्दा ठूलो चुनौती भनेको बाहिरी प्रतिस्पर्धी दल होइन, आफ्नै आन्तरिक कमजोरी हो । विचारभन्दा व्यक्ति, सङ्गठनभन्दा गुट, नीतिभन्दा पद र योगदानभन्दा पहुँचको संस्कृति विस्तार हुँदै गएको अनुभूति धेरै कार्यकर्ताले गरेका छन् । पार्टीभित्र फरक मत राख्नेहरूलाई प्रतिद्वन्द्वीका रूपमा हेर्ने प्रवृत्तिले लोकतान्त्रिक संस्कारलाई कमजोर बनाएको छ । बीपीले कल्पना गर्नुभएको कांग्रेस यस्तो थिएन ।

राजनीतिमा परिवर्तनको चाहना सधैं जनताबाट सुरु हुन्छ । अहिले नेपाली समाजमा पनि त्यही परिवर्तनको माग स्पष्ट देखिन्छ । काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, अर्थशास्त्री डा. स्वर्णिम वाग्ले, सांसद डा. मनिष झा, अमरेशकुमार सिंहलगायत धेरै व्यक्तित्वले सुशासन, पारदर्शिता, परिणाममुखी नेतृत्व र जवाफदेहिताको विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएका छन् । उनीहरूको राजनीतिक यात्रा फरक हुन सक्छ, तर उनीहरूले उठाएका धेरै प्रश्न लोकतान्त्रिक शासन प्रणालीलाई अझ प्रभावकारी बनाउने दिशातर्फ केन्द्रित छन् ।

यहींनेर नेपाली कांग्रेसले गम्भीर आत्मसमीक्षा गर्नुपर्छ । जनताले किन नयाँ विकल्प खोजिरहेका छन् ? किन युवा पुस्ता परम्परागत दलबाट टाढिँदै गएको अनुभूति हुन्छ ? यसको उत्तर केवल सामाजिक सञ्जाल वा प्रचारमा खोजेर पुग्दैन । उत्तर पार्टीभित्रको व्यवहार, निर्णय प्रक्रिया र जनतासँगको सम्बन्धमा खोज्नुपर्छ ।

बीपीले राजनीतिमा युवाशक्तिलाई परिवर्तनको संवाहक मान्नुभएको थियो । उहाँ स्वयम् पनि अपेक्षाकृत कम उमेरमै राष्ट्रिय नेतृत्वमा स्थापित हुनुभएको थियो । उहाँले 'नेतृत्व जन्मिँदैन, अवसर र संघर्षबाट निर्माण हुन्छ' भन्ने विश्वास राख्नुभयो । आज पनि कांग्रेसले यही शिक्षा आत्मसात् गर्न आवश्यक छ । युवालाई नारा लगाउने, झन्डा बोक्ने वा चुनावका बेला परिचालन गर्ने शक्ति मात्र होइन, नीति निर्माण र नेतृत्वको साझेदार बनाउनु समयको माग हो ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्युष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्युष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## 'ती मुख्यमन्त्री, यी किराना साहुजी !'

टिकाराम सुनार

'साहुजी, अण्डा दिनुस् न !', कलेज पोसाकमा रहेका एक विद्यार्थीको आवाज आउँछ । राजनीतिक गफलाई यही रोक्दै साहुजी सामान दिन जानुहुन्छ । "हिजोको पनि बाँकी छ, त्यसैमा लेखिदिनुस्... !", ती विद्यार्थीको वाक्य नटुङ्गिँदै साहुजी मुस्कानसहित बोल्नुहुन्छ, "ए, लेखिदिने ! हुन्छ ।"

साहुजी अघि उठेकै ठाउँमा फर्किन लागेको बेला फेरि आवाज आउँछ, "सर, केही सामान राख्नुछ ?"

"अहिले होइन, दुई/तीन दिनपछि आउनुस् ल", साहुजीले उस्तै मुस्कानसहित उत्तर फर्काउनुहुन्छ ।

फेरि अर्को आवाज आउँछ, "साहुजी कति बोरा चामल ?"

साहुजीले आफ्नै शैलीमा भन्नुहुन्छ,"चार बोरा मोटा, तीन बोरा मसिना !"

पसलमा राखिसकेपछि बिल थमाउँदै चामलवाला भन्छन्,"पैसा दिनुस् न, नभए चेक दिए नि हुन्छ ।"

"चेक त दिने पैसा ?"

"दिनु न दिनु !",

साहुजी जवाफ फर्काउँछन्, "हुन्छ, तर एक महिनापछि मात्रै साट्न जानु ल ।"

बिहानको समय, धनगढीको एउटा साधारण किराना पसलमा ग्राहकको आवतजावत सुरु भइसकेको छ । ग्राहक आउँछन् । सामान माग्छन् । काउन्टरभित्र बसेका साहुजी सामान तौलिन्छन्, बिल बनाउँछन्, मुस्कुराएर ग्राहकलाई बिदाइ गर्छन् । अलिकति फुर्सद भएमा फेरि राजनीतिक गफ सुरु हुन्छ, तर कुरा टुङ्गिन पाउँदैन । फेरि उही सिलसिला । सामान माग्ने, दिने !

एउटा पसलको यो दृश्य र साहुजीको विषय धेरैलाई सामान्य लाग्न सक्छ, तर केही वर्षअघि यही व्यक्ति प्रदेश सरकारको मुख्यमन्त्री हुनुहुन्थ्यो । कतै जाँदा अघिपछि सरकारी गाडीको लस्कर । सुरक्षा घेरा । एउटा निर्णयले हजारौं कर्मचारी र लाखौं नागरिकको जीवन प्रभावित हुने स्थानमा पुगेका व्यक्ति । आज उहाँको निर्णय ग्राहकको मागमा निर्भर छ । चामलको बोरा उठाउने कि, अण्डा दिने । दाल दिने कि अरु नै । ती व्यक्ति हुनुहुन्छ–सुदूरपश्चिमका संस्थापक मुख्यमन्त्री त्रिलोचन भट्ट ।

नेपालमा अधिकांश नेता र उच्च ओहदामा पुगेका व्यक्तिले विलासी र वैभवशाली जीवन बाँच्छन् भन्ने भाष्यबीच यी साहुजी अर्थात् पूर्वमुख्यमन्त्री भट्टले एउटा साधारण जिन्दगी बाँचिरहनुभएको छ । त्यसैले पनि धनगढी उपमहानगरपालिका–४ घरेलु चौकस्थित त्यो 'न्यू प्रस्थान किराना पसल' साधारण छैन । "राजनीति मेरो लागि सेवा हो, जीवन चलाउने माध्यम होइन", पूर्वमुख्यमन्त्री भट्टको यो भनाइ राजनीतिक भाषण मात्रै होइन, जीवनशैली नै बनेको छ ।

पदबाट बाहिरिएपछि उहाँले आफ्नो पहिलेकै जीवनतर्फ फर्किनुभएको छ, अर्थात् श्रम र राजनीतिसँगै गर्ने जीवनतर्फ । "कार्यकारी भूमिका निर्वाह गरेपछि तरकारीखेती गर्ने इच्छा थियो, जमिन छैन । भाडामा लिनसक्ने पुँजी भएन । ठूलो व्यापार गर्ने हैसियत थिएन", भट्टले भन्नुभयो, " अन्ततः एउटा सानो किराना पसलबाट नयाँ सुरुआत गर्ने निर्णय गरेँ । २०८२ वैशाखमा यो पसल सञ्चालन गरेको हुँ ।" ठूलो लगानी थिएन । अचेल पनि अवस्था त्यही छ–अलिअलि सामान बेच्ने, फेरि किन्ने, फेरि बेच्ने । "सानैबाट सुरु गरौं भन्ने सोचबाट रु तीन/चार लाख लगानीमा यो पसल सञ्चालन भएको हो, अहिले पनि ठूलो बनाउन सकिएको छैन । हेरौं भविष्यमा के के हुन्छ", उहाँ भन्नुहुन्छ । भट्टको सपना केवल किराना पसल चलाउनु मात्रै होइन, सुदूरपश्चिमका रैथाने अन्न, अर्गानिक उत्पादन र स्थानीय किसानका वस्तुलाई बजारसँग जोड्ने केन्द्र बनाउने हो । लगानीले भने साथ दिएको छैन, तर सपना अझै जीवितै रहेको उहाँले सुनाउनुभयो । लगानी नभएकाले व्यवसाय सानै छ । दैनिक हुने कारोबारले केहीले सामान थप्ने र केहीले परिवारका आवश्यकता पूरा गर्ने चक्र चलिरहेको छ । पूर्वमुख्यमन्त्री भट्टको जीवन पनि त्यही चक्रमा छ–सामान्य, तर स्वाभिमानी ।

सानो व्यापार, ठूलो सन्देश

त्रिलोचन भट्ट २०६४ साल र २०७० सालको संविधानसभा निर्वाचनमा डोटीबाट चुनावमा पराजित हुनुभयो । विसं २०७४ को निर्वाचनमा भने डोटीको (ख) निर्वाचन क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभयो । तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट चुनाव जितेका उहाँ सर्वसम्मत संसदीय दलको नेता र पाँच वर्ष मुख्यमन्त्री हुनुभयो ।

नेपाली राजनीतिमा एउटा अनौठो संस्कार छ । एकपटकको नेता सधैंको नेता । कामभन्दा कुरा बढी । अनि अवसर पाएका बेला कमाइहालौं भन्ने सोच । उहाँले पनि पाँच वर्ष मुख्यमन्त्रीका रुपमा सरकारले दिएको सुविधा उपयोग गर्नुभयो तर त्यसपछि के गर्ने भनेर कहिल्यै सोच्नुभएन । पाँच वर्ष महँगो गाडी चढ्नुभयो । राज्यसत्ता के हो भनेर बुझ्नुभयो तर पदमा नहुँदा के गर्ने ? "त्यसबारे कहिल्यै सोचिन, किनकी मुख्यमन्त्रीबाट हटेपछि मैले बाँच्ने जिन्दगीबारे प्रष्ट थिए । त्यसैले मलाई मुख्यमन्त्रीको सेवासुविधा छुटेपछि पनि कहिल्यै असहज लागेन । अरु नागरिक सरह दिनचर्या चलिरहेको छ", पूर्वमुख्यमन्त्री भट्टले भन्नुभयो ।

आफू विगतदेखि नै काम गरी खाने श्रमजीवि नागरिकको बीचमै रहेकाले सरल जीवनबारे सधैं गौरव रहेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मैले नजिकबाट देखे नि ! राज्यको जिम्मेवार पदमा गए पनि देशको आर्थिक अवस्था र दिइने सुविधाले सामान्य जीवन बाँच्नेभन्दा धेरै चिज गर्न सकिँदैन, चाहे राष्ट्रपति हुनुस्, प्रधानमन्त्री वा मुख्यमन्त्री । तथापि, धेरैले रहरलाग्दो जिन्दगी बाँचिरहेका छन् । त्यसैले पनि अधिकांश नेता आलोचित छन् । मेरो प्रष्ट कुरा भनेको नेता होस् या जोसुकैले आफ्नो र परिवारको जीवन चलाउन केही न केही गर्नै पर्छ ।"

भट्टसँग न आफ्नै घर छ न गाडी । आफ्नै जग्गासमेत छैन । "गाउँमा रहेको पुर्ख्यौली सम्पत्ति पनि चार दाजुभाइको साझा छ । मेरो व्यक्तिगत केही छैन", उहाँ भन्नुहुन्छ । यो वाक्य नेपाली राजनीतिमा सामान्य सुनिँदैन, किनभने यही देशमा केही महिनाको सत्ताले करोडौंको सम्पत्ति जोडेको चर्चा सामान्य विषय बनिरहेको छ ।

पूर्वमुख्यमन्त्री भट्ट पनि अचम्म मान्दै भन्नुहुन्छ, "केही महिना र वर्ष कार्यकारी पदमा बसेर टन्न सम्पत्ति कमाएका मानिस देख्दा म सोचिरहन्छु–कसरी सम्भव भयो ? यो प्रश्न एक व्यक्ति, नेता वा पार्टी प्रणालीका लागि मात्र नभई सम्पूर्ण सामाजिक तथा राजनीतिक संस्कृतिका लागि पनि हो ।" उहाँको बुझाइमा समस्या राजनीतिमा मात्रै होइन, सामाजिक मनोविज्ञानमा पनि छ । "जनताले पनि मेरो नेताले पदमा हुँदा जसरी भए पनि आफ्नो काम गरिदेओस् । नेताले नेताको जस्तो जिन्दगी बाँच्नसक्नुपर्छ नि भन्छन् । इमान, नीति, नियमको कुरा गरेमा तिनैले यस्तो पनि नेता भनेर कुरा काट्छन्", भट्टको भोगाइ बोल्छ । हुन त उहाँलाई राजनीतिले अर्को पाठ पनि नसिकाएको होइन, आर्थिक रूपमा कमजोर राजनीतिज्ञको वरिपरि धेरै भिड हुँदैन, किनकी हाम्रो राजनीतिक संस्कृतिमा शक्ति र स्रोतलाई नै प्रभावको मापन मान्ने प्रवृत्ति अझै बलियो छ । तथापि, भट्ट त्यसलाई स्वीकार्नुहुन्न । उहाँ भन्नुहुन्छ, "राजनीति सिद्धान्त, निष्ठा, इमान र जनविश्वासले टिक्नुपर्छ । यद्यपि, त्यो विश्वासलाई हामीले जोगाउन सकिरहेका छैनौं ।" एउटा सानो किराना पसल, तर त्यो पसलमा बेचिने सामानसँगै एउटा महत्वपूर्ण सन्देश पनि छ–सत्तापछि पनि जिन्दगी हुन्छ, तर त्यो इमानमा टिक्न सक्नुपर्छ । आजको हरेक नेतृत्वले यो सन्देश प्रवाह गर्न आवश्यक रहेको भट्टको कथन छ । "किनकी लोकतन्त्रलाई जीवन्त बनाउने र नेताको कद ठूलो बनाउने कुर्सीले होइन, कुर्सीमा छँदा उसले गरेको कर्म र कुर्सी छोडेपछि उसले बाँचेको जीवनले हो । मेरो प्रयत्न त्यसैका लागि हुनेछ", उहाँले भन्नुभयो ।

राजनीतिका कुरा

देशमा राजनीतिक उथलपुथलको अवस्था छ । गत फागुनको निर्वाचनबाट पुराना राजनीतिक दलको अस्तित्वमाथि नै प्रश्न उठेको छ । तथापि, तीनै दलहरुले आफ्नो अस्तित्व भएको ठाउँमा सरकार फेरिइरहने र गठबन्धन बदलिइरहने प्रवृत्ति छोडेका छैनन् । यस्तो प्रवृत्तिबाट उहाँ खिन्न हुनुहुन्छ । इतिहास बोकेका पार्टीले समयको वेग र आफ्नो राजनीतिक धरातल बिर्सिएमा पार्टी मात्र नभई सङ्घीय व्यवस्थाकै भविष्यमाथि चुनौती थपिनेमा सचेत हुनुपर्ने पूर्वमुख्यमन्त्री भट्टको सुझाव छ ।

"तपाईं हामी कुरा गरिरहेको बेला सुदूरपश्चिम प्रदेश बजेट शून्यताको अवस्थामा छ । पहिलो कार्यकालमा हामीले सबै चुनौतीको सामना गर्दै एउटा थिति बसालेर सत्ता हस्तान्तरण गरेका थियौं । त्यसैले दोस्रो कार्यकालको सहज अवस्थामा पनि अपेक्षित काम भएका छैनन् । यो दल र व्यवस्थाकै लागि विडम्बनाको विषय हो", पूर्वमुख्यमन्त्री भट्टले भन्नुभयो । उहाँ नयाँ राजनीतिक दलले सकारात्मक ऊर्जा र उत्साह दिन नसके नेपाली राजनीतिको भविष्य नै सङ्कटमा पर्ने बताउनुहुन्छ । "वर्षौंवर्ष त्याग, सिद्धान्त र निष्ठाको जीवन बाँचेका नेताहरु कालान्तरमा बदनाम भए । पछिल्लो समय त सजिलै राजनीतिमा आएका नेताहरु छन्, उनीहरु चाँडै त्यसो नहोलान् भन्न सकिन्न । त्यसैले नेपाल र नेपालीको सुन्दर भविष्यका लागि पनि सबै स्वार्थ छोडेर नयाँ पुराना सबै सचेत हुनुपर्ने आवश्यकता छ", नेपाली कम्युनिष्ट पार्टी सुदूरपश्चिमका सहइन्चार्जसमेत रहनुभएका भट्ट भन्नुहुन्छ । उहाँ मात्रै होइन, नेपालको राजनीतिमा यस्तै अरु व्यक्तिका कथा पनि छन्, तर ती अल्पमतमा छन् ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

## सुनसरी घटनाः सुरक्षा अवस्था सामन्यीकरणतर्फ

काठमाडौं । सुनसरीको देवागञ्ज घटनापछि उत्पन्न परिस्थिति विस्तारै सामन्यीकरण हुँदै गइरहेको सुरक्षा अधिकारीहरुले जनाएका छन् । नेपाली सेनासहित तीन वटै सुरक्षा निकायको समन्वय र सहकार्यमा सुरक्षा फौजको प्रभावकारी परिचालनपछि शान्ति सुव्यवस्था क्रमशः सहज हुँदै गइरहेको छ ।

नेपाली सेनाको पूर्वी पृतनापति गौरवकुमार केसीले प्रभावित क्षेत्रमा शान्ति सुरक्षा सामान्यीकरणतर्फ उन्मुख भइरहेको र सुरक्षा फौज 'हाई अलर्ट'मा रहेको बताउनुभयो । "शान्ति सुरक्षाको अवस्थामा आएको चुनौती क्रमशः कम हुँदै गइरहेको छ", उहाँले भन्नुभयो ।

गृहमन्त्री सुधन गुरुडले घटनास्थल मा पुगेर पीडित परिवारसँग सहमति र घाइतेसँग भेटवार्ता गरेपछि अवस्था सामान्य बनाउन सहज भएको सुरक्षा अधिकारीको विश्लेषण छ । सहमतिअनुसार मृतकको शव बुझ्ने र अन्त्येष्टि प्रक्रिया अघि बढिसकेको छ । गृहमन्त्री र पीडित परिवारबीच गएराति सातबुँदे सहमति भएको थियो । सशस्त्र प्रहरी बल नेपालका केसी प्रदेश प्रमुख, प्रहरी नायब महानिरीक्षक मनिष थापाले तीनवटै सुरक्षा फौजबीच सहकार्य र समन्वयमा परिचालन भइरहेकाले पूर्वी तराईमा शान्ति सुरक्षाको स्थिति सामान्य बन्दै गएको बताउनुभयो । "समग्रमा अहिले शान्ति सुरक्षाको स्थिति एकदम नियन्त्रणमा छ । सबै क्षेत्रमा समन्वयका साथ काम भइरहेको छ", उहाँले भन्नुभयो ।

तीनवटै सुरक्षा निकायले घटनाको बारेमा सुक्ष्म विश्लेषण, अध्ययन र निगरानी गर्ने काम गरिरहेका छन् । अहिले पनि सुनसरी, धनुषा, सिरहा, पर्सालगायत जिल्लाका केही भागमा भने कर्फ्यु जारी छ । ती जिल्लामा देखिएका तनाव कम गर्न विभिन्न प्रयास भइरहेको छ । पछिल्ला घटनाका सम्बन्धमा छानबिन गर्न गठित समितिले पनि आफ्नो काम गरिरहेको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले सुरक्षा व्यवस्थालाई मजबुद बनाउने र सामाजिक सद्भाव कायम राख्नेमा सरकारको प्रयास केन्द्रित रहेको बताउनुभयो । गृह सचिवको अध्यक्षतामा धार्मिक समुदायका अगुवासँग छलफल भएको उहाँले जानकारी दिनुभयो ।

### प्रहरीका उच्चअधिकारीलाई तोकियो जिम्मेवारी

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले देवानगञ्ज गाउँपालिकाको कप्तानगन्जमा भएको घटनापछि उत्पन्न परिस्थितिलाई मध्यनजर गरी सुरक्षा व्यवस्थापनको लागि प्रहरीका उच्च अधिकृतलाई मधेसका जिल्लामा जिम्मेवारी तोकिएको जानकारी दिनुभयो । सुरक्षा संवेदनशीलताका आधारमा सुरक्षा योजना कार्यान्वयन, सूचना सङ्कलन तथा विश्लेषण र आवश्यकतानुसार फिल्डमा समेत खटिई सम्बन्धित प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी स्थितिको सामान्यीकरण गर्न वरिष्ठ अधिकारीलाई त्यस क्षेत्रमा खटाइएको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो ।

सरकारले प्रहरी महानिरीक्षकको सचिवालय अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धीविक्रम शाहलाई बाँके, हिमालय कुमार श्रेष्ठलाई मधेस, उमाप्रसाद चतुर्वेदीलाई कपिलवस्तु र ईश्वर कार्कीलाई कोसी प्रदेश/सुनसरी तथा प्रहरी नायब महानिरीक्षकद्वय दिनेशकुमार आचार्यलाई सिराहा र अविनारायण काफ्लेलाई सप्तरीको जिम्मेवारी दिइएको छ ।

यस्तै प्रहरी वरिष्ठ उपरीक्षक गोपालचन्द्र भट्टराईलाई सर्लाही, सोमेन्द्रसिंह राठौरलाई पर्सा, दीपशम्शेर जबरालाई रौतहट, नवराज अधिकारीलाई चितवन, कृष्णप्रसाद पङ्गेनीलाई महोत्तरी, होविन्द्र बोगटीलाई बारा, ज्ञानेन्द्रप्रसाद फुयाँललाई मोरङ, भुवनेश्वर तिवारीलाई धनुषा र अमरेन्द्रबहादुर सिंहलाई मधेसको जिम्मेवारी दिइएको छ ।

## कानुन भए पनि रोकिएन गर्भावस्थाका महिलामाथिको दुर्व्यवहार

काठमाडौं । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले सम्मानजनक प्रसुति सेवाको व्यवस्था गरे पनि गर्भावस्थाका महिलाहरू दुर्व्यवहार र हिंसाको सिकार बन्नुपर्ने बाध्यता कायमै छ । महिला, कानुन र विकास मञ्चद्वारा शुक्रबार आयोजित कार्यक्रम कानुन भए पनि रोकिएन गर्भावस्थाका महिलामाथिको दुर्व्यवहार नरोकिएको बताइएको हो ।

नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तरको समयमा महिलाहरूले भोगेका दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनसम्बन्धी तथ्य अन्वेषण गरिएको मञ्चद्वारा आज सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख छ । मञ्चले तथ्य अन्वेषण प्रतिवेदन श्रव्यदृश्यको माध्यमबाट सार्वजनिक गरेको हो ।

प्रतिवेदनमा गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थाका एकतिहाइभन्दा बढी महिलाले हिंसा भोग्नुपरेको उल्लेख छ । धेरैजसो गृहिणी हिंसाको सिकार बनेका, परिवारका सदस्य, नातेदार, छिमेकी र श्रीमान् पीडक भएका, उल्लेख्य मात्रामा सेवा प्रदायकले पनि हिंसा गरेका प्रतिवेदनमार्फत जनाइएको छ ।

त्यसैगरी भावानात्मक, शारीरिक र यौन हिंसामध्ये भावानात्मक हिंसा एकतिहाइभन्दा बढी हुने गरेको पाइएको मञ्चका अधिवक्ता विनोदचन्द्र देवकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रका महिलामा बढी हिंसा हुने गरेको, मधेसका गर्भवती महिला र सुदूरपश्चिमका प्रसव र प्रसवोत्तरका महिलाले बढी भावनात्मक हिंसा भोग्नुपरेको तथ्य अन्वेषणमा देखिएको छ ।

मञ्चका अधिवक्ता देवकोटाका अनुसार महानगरपालिका, उपमहानगर पालिका, नगरपालिका र गाउँपालिकामा बसोबास गर्ने गर्भवती, प्रसव र प्रसवोत्तरका एक हजार ६८० महिलामा तथ्य अन्वेषण गरिएको थियो ।

उहाँले सात प्रदेशका १४ जिल्लाका २८ वटा पालिकामा अध्ययन गरिएको जनाउँदै प्रत्येक पालिकाबाट ६० महिला ( २० गर्भवती, ४२ दिनभित्रका सुत्केरी २० र तीन महिनाभित्रका २० जना सुत्केरी)लाई अध्ययनमा संलग्न गराइएको उहाँले उल्लेख गर्नुभयो ।

मञ्चका अधिवक्ता देवकोटाका अनुसार ३८ दशमलव चार प्रतिशत गर्भवती, ३७ दशमलव नौ प्रतिशत प्रसव र ३५ दशमलव नौ प्रतिशत महिलाले प्रसवोत्तर हिंसा भोग्नुपरेको तथ्याङ्कले देखाउँछ । यसैगरी ३० दशमलव सात प्रतिशत गर्भवती, ३२ दशमलव सात प्रतिशत प्रसव र ३० प्रतिशत प्रसवोत्तर महिलाले भावनात्मक हिंसा भोग्नुपरेको थियो ।

त्यस्तै चार दशमलव पाँच प्रतिशत गर्भवती, तीन दशमलव दुई प्रतिशत प्रसव र चार दशमलव पाँच प्रतिशत प्रसवोत्तर महिलाले शारीरिक हिंसा र १६ दशमलव एक प्रतिशत गर्भवती, नौ दशमलव पाँच प्रतिशत प्रसव र १६ दशमलव चार प्रतिशत प्रसवोत्तर महिलाले यौन हिंसा भोग्नुपरेको तथ्याङ्कमा देखाइएको छ ।

गर्भवती, प्रसव र प्रसवोत्तर हिंसा गर्नेमा परिवारका सदस्य र नातेदार सबैभन्दा अगाडि देखिएका मञ्चका अधिवक्ता देवकोटाले जानकारी दिनुभयो । साठी प्रतिशत गर्भवती, ६४ दशमलव चार प्रतिशत प्रसव र ७१ प्रतिशत प्रसवोत्तर महिलामाथि परिवारका सदस्य र नातेदारबाट हिंसा हुने गरेको पाइएको छ ।

मञ्चका अधिवक्ता देवकोटाले भन्नुभयो, "५२ दशमलव एक प्रतिशत गर्भवती, ४४ दशमलव नौ प्रतिशत प्रसव र ४७ दशमलव आठ प्रतिशत प्रसवोत्तर महिलामाथि श्रीमान्ले हिंसा गरेको पाइयो । २६ प्रतिशत गर्भवती, २२ दशमलव सात प्रतिशत प्रसव र १३ दशमलव चार प्रतिशत प्रसवोत्तर महिलामाथि सेवा प्रदायकबाट हिंसा हुने गरेको तथ्याङ्कले देखाएको छ ।"

अधिवक्ता देवकोटाका अनुसार कोशीको सङ्खुवासभा र मोरङ, मधेसको सिराहा र धनुषा, बागमतीको काठमाडौं र मकवानपुर, गण्डकीको लमजुङ र कास्की, लुम्बिनीको कपिलवस्तु र दाङ, कर्णालीको मुगु र सुर्खेत तथा सुदूरपश्चिम प्रदेशको कैलाली र डडेल्धुरा जिल्लाका पालिकालाई




अध्ययन क्षेत्र बनाइएको थियो । अध्ययनअघि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट अनुमति लिइएको उहाँले बताउनुभयो ।

नेपालमा गर्भावस्था, प्रसव र सुत्केरी अवस्थामा महिलाले भोग्नुपरेका विभिन्न प्रकारका दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनको प्रकृति पहिचान र विस्तृत रूपमा दस्तावेजीकरण गर्न तथ्य अन्वेषण अध्ययन गरिएको मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सबिन श्रेष्ठले बताउनुभयो ।

गर्भधारण, प्रसव र सुत्केरी अवस्थामा आत्मसम्मानपूर्वक उपभोग गर्न पाउने अवस्थाको सृजना गर्न कानुन तथा नीति निर्माण गर्न, योजना र कार्यक्रमलाई सुधार गर्दै परिमार्जन गर्न सहयोग पुर्याउने उद्देश्यले तथ्य अन्वेषण गरिएको उहाँले जानकारी दिनुभयो । मञ्चकी अध्यक्ष गीता अर्यालको सभापतित्वमा सम्पन्न कार्यक्रममा समी शाह, मञ्जिला त्रिपाठी, अर्चना शाह, प्रणिता उपाध्याय र सरस्वती कार्कीले तथ्याङ्क सङ्कलन गर्दाको अनुभव सुनाउनुभएको थियो ।

कार्यक्रममा विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गर्ने सरिता श्रेष्ठ, विष्णु बस्याल, सीमा धामी, रञ्जिता परियार, निर्मला धिताल, देचेन लामा, मुना पोखरेल, शम्भुजङ्ग राणा, तुल्सालता अमात्य, प्रमिला देवान लगायतले तथ्याङ्कका बारेमा जिज्ञासा राख्नुभएको थियो ।

## राष्ट्रपति पौडेलद्वारा पूर्वराष्ट्रपति यादव र पूर्वउपराष्ट्रपति झासँग छलफल

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले सुनसरीको देवानगञ्ज गाउँपालिकाको कप्तानगन्जसहित तराई-मधेसका विभिन्न जिल्लामा देखिएको विषम परिस्थितिका बारेमा पूर्वराष्ट्रपति डा रामवरण यादव र पूर्वउपराष्ट्रपति परमानन्द झासँग छलफल गर्नुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा शुक्रबार भएको छलफलमा उक्त घटनाप्रति चिन्ता व्यक्त गर्दै सदियौंदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम गर्न सबैले पहल गर्नुपर्ने धारणा राख्नुभएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो। पूर्वराष्ट्रपति डा यादवले सरकारले यो विषम अवस्थामा सबै राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा तथा आमनागरिकको साथ लिएर समस्या समाधान गर्नुपर्ने धारणा राख्नुभएको बताउनुभएको थियो ।

## पोल्ट्री व्यवसायीलाई प्रशिक्षण

चितवन । पोल्ट्री व्यवसायीलाई वातावरणीय मूल्याङ्कन, व्यवस्थापन तथा अनुपालनसम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । नेपाल ह्याचरी उद्योग सङ्घ बागमती प्रदेश समन्वय समितिद्वारा शुक्रबार आयोजित सो कार्यक्रममा वातावरण विज्ञ युवराज ढकालले वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ र व्यावसायिक पक्षी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका २०७१ ले व्यवस्था गरेको कानुनी अवस्थाहरुका बारेमा जानकारी गराउनुभएको थियो ।

उद्योग व्यवसायसँग सम्बन्धित ऐन, नीति, नियम निर्देशिका, विधेयक, प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनका लागि अपनाउनुपर्ने विधिहरु, आवश्यक कागजात, फोहर व्यवस्थापन, स्वच्छ उत्पादन, फार्मको स्वःअनुगमनलगायत विविध विषयमा उहाँले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र लामिछानेले सङ्घबाट भएका पहल, व्यावसायिक पक्षी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका २०७१ ले गरेको प्रावधान कार्यान्वयनका लागि विभागबाट आएका निर्देशनहरु, उक्त निर्देशिकामा सुधार गर्नेबारेमा भएका पहल, व्यवसाय सञ्चालनका लागि प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनको भूमिका लगायतका बारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा ह्याचरी उद्योग सङ्घ बागमती प्रदेश समन्वय समितिका संयोजक ज्ञानबहादुर विसुराल, शिव बराललगायतले व्यवसायको क्रममा आईपर्ने समस्याका बारेमा बोल्नुभएको थियो ।

## राकेशकुमार दास विरुद्ध आरोपपत्र दर्ता

काठमाडौं । राकेशकुमार दास विरुद्ध शुक्रबार विशेष अदालतमा आरोपत्र दर्ता गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दासलाई शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेस गरी जागिर गरेको आरोपमा मुद्दा दर्ता गरिएको हो । निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार विशेष अदालतमा आरोपत्र दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । दास बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा कार्यरत हुनुहुन्छ । उहाँले भारतको बिहार स्कुल एक्जामिनेसन बोर्ड पटनाबाट इन्टरमिडियट तह र वेन्केटेश्वर युनिभर्सिटी तिरुपतिबाट स्नातक तह, कम्प्युटर साइन्सको झुटा शैक्षिक प्रमाणपत्र पेस गरी कम्प्युटर पदमा नियुक्ति लिनुभएको थियो । आयोगले दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (१६) को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन माग दाबी गर्दै शुक्रबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको छ ।

## शाहीद्वारा मधेसले भोगेको घटनाप्रति दुःख व्यक्त

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले मधेसले भोगेको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ। सुनसरी, सिराहालगायत मधेस प्रदेश तथा देशका विभिन्न स्थानहरूमा विगत केही दिनयता मानवीय तथा धनजनको क्षति हुनेगरी भएका घटनाप्रति मुख्यमन्त्री शाहीले आज गहिरो दुःख व्यक्त गर्नुभएको हो ।

कर्णाली र मधेस प्रदेशबीच सामाजिक, आर्थिक तथा सांस्कृतिक दृष्टिले धेरै साझा विशेषता र आत्मीय सम्बन्ध रहेकाले मधेसले भोगिरहेको यस दुःखको घडीमा कर्णाली प्रदेश सरकार तथा कर्णालीवासीहरू पनि उत्तिकै मर्माहत भएको उहाँले बताउनुभएको छ ।

शुक्रबार एक अपिल जारी गर्दै उहाँले भन्नुभएको छ, "देवानगन्ज घटनामा ज्यान गुमाउनुभएका सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस संवेदनशील अवस्थामा कुनै पनि जातजाति, भाषा, धर्म वा सम्प्रदायबीच वैमनस्य फैलाउने गतिविधि बाट टाढा रहँदै शान्ति, सद्भाव, सहिष्णुता, कानुनी शासन र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम, सरोकारवाला निकाय तथा आमनागरिकमा हार्दिक अपिल गर्दछु ।"

मधेसमा घटेको दुःखद् घटनाले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा राष्ट्रिय एकतामाथि प्रतिकूल प्रभाव पार्नुका साथै मुलुकमा अशान्ति र असुरक्षाको वातावरण सृजना हुनु अत्यन्तै चिन्ताजनक विषय बनेको बताउनुभएको मुख्यमन्त्री शाहीले शुक्रबार (हिजो) सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, सामाजिक न्याय तथा राष्ट्रिय एकताको भावना सुदृढ बनाउनु हामी सबैको साझा दायित्व भएको उल्लेख गर्नुभएको छ ।

## बसाइँसराइ रोक्न स्थानीयस्तरमा नीति आवश्यक

काठमाडौँ । राष्ट्रियसभको शुक्रबारको बैठकमा सदस्य रामकुमारी झाँक्रीले अव्यवस्थित बसाइँसराइ नियन्त्रणका लागि सहर निर्माणको अवधारणामा काम गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ । आजको बैठकमा प्रादेशिक सरोकारका विषयमा आफ्नो धारणा राख्दै उहाँले पहाडबाट मधेस तथा मधेसबाट काठमाडौँ र ठूला सहरतर्फ भइरहेको बसाइँसराइ अव्यवस्थित र चिन्ताजनक बन्दै गएकाप्रति सचेत गराउनुभएको हो। खानेपानी, बिजुली र सडक पुगेका ठाउँबाट समेत ठूलो सङ्ख्यामा बसाइँसराइ हुनु अव्यवस्थित भएको भन्दै सदस्य झाँक्रीले नागरिकलाई आफ्नै ठाउँमा आबद्ध गराउने नीति र सहर निर्माणको अवधारणामा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

## विद्यालयमा महिनावारी स्वास्थ्य शिक्षा प्रभावकारी बनाउन जोड

काठमाडौँ । विद्यालय शिक्षा प्रणालीमा महिनावारी स्वास्थ्य शिक्षालाई व्यवस्थित रूपमा एकीकृत गर्न सङ्घीय सांसद, नीति निर्माता, अनुसन्धानकर्ता, शिक्षकहरू र विकास अभ्यासकर्ताले जोड दिएका छन् ।

ग्लोबल एक्सन नेपाल (ज्ञान) द्वारा ज्ञान सिकाइ केन्द्र, ललितपुरमा शुक्रबार आयोजित 'महिनावारी स्वास्थ्य शिक्षा र एकीकृत स्रोत किट' सम्बन्धी छलफलमा सहभागीहरूले महिनावारी स्वास्थ्य एक समस्या मात्र नभई शिक्षा, मर्यादा, लैङ्गिक समानता र मानव अधिकारको विषय रहेकाले यसलाई नीतिगत रूपमा समायोजन गर्न आग्रह गरेका हुन् ।

'डिग्निटी विदाउट डेन्जर (डिडब्लुडी) अनुसन्धान परियोजना' र 'महिनावारी स्वास्थ्य शिक्षाका लागि स्रोत किट'को प्रभावकारिता अध्ययनले यसलाई प्रभावकारी बनाउन सकिनेमा जोड दिइएको छ । अध्ययन किटलाई सातै प्रदेशका ६३ विद्यालयमा लागू गरिएको छ, जसमा सात हजार ६०० विद्यार्थी, १५५ शिक्षक र ४२० आमाहरू सहभागी छन् । कार्यक्रमलाई प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति डा ओजश्वी शेरचनले महिनावारी स्वास्थ्य समस्याले विशेषगरी ग्रामीण र सीमान्तकृत समुदायका बालिकाको शैक्षिक सहभागितालाई असर गर्ने बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद उहाँले सेनेटरी प्याडको उत्पादन अभाव, समाजमा सीमित चेतनाको स्थितिका कारण बालिकामा विद्यालयको नियमिततामा समस्या देखिएकाले बताउनुभयो । उहाँले शिक्षक र अभिभावकलाई महिनावारी भएका बालिकालाई सहयोग गर्न अझ बढी क्षमता विकास गर्नुपर्नेमा जोड दिनुभयो । समितिका सदस्य सांसद गुरुप्रसाद बरालले महिनावारीलाई अदृश्य र पीडादायी मुद्दाको चर्चा गर्दै स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति र विद्यालयका नेतृत्वकर्ता जवाफदेही भएमा परिवर्तन हुने बताउनुभयो । सांसद डा तोसिमा कार्कीले सेनेटरी प्याड वितरण निर्देशिका, २०७५ लाई परिमार्जन गरी समयसापेक्ष बनाउनुपर्नेमा जोड दिनुभयो । बालिकाहरू ले आफ्नो पहिलो महिनावारी हुनुभन्दा अगाडि व्यवहारिक रूपमा महिनावारी शिक्षा प्राप्त गर्नुपर्ने उहाँको भनाइ छ ।

सांसद राधिका रम्तेलले सबै सरकारका नीति, कार्यक्रम र बजेटमार्फत विद्यालय तहका बालिकाहरूले सामना गर्ने वास्तविक समस्याको सम्बोधन हुनुपर्नेमा जोड दिनुभयो । अध्ययनले नेपालको विद्यालय पाठ्यक्रममा महिनावारी स्वास्थ्य विषयहरू समावेश गरिए पनि अपर्याप्त शिक्षण सामग्री, सीमित शिक्षक तालिम, कमजोर सरसफाइ सुविधाहरू र स्थापित सामाजिक कलङ्कका कारण कार्यान्वयन कमजोर रहेको देखाएको छ । अनुसन्धान कर्ता प्रा डा किशोर श्रेष्ठले सर्वेक्षण गरिएका शिक्षकमध्ये केवल १७ दशमलव चार प्रतिशतले मात्रै महिनावारी स्वास्थ्य सिकाउने औपचारिक तालिम प्राप्त गरेका जनाउँदै विद्यालयमा शिक्षक मार्गदर्शक, अपाङ्गता (समावेशी) सिकाइ स्रोतहरू, श्रव्यदृश्य सामग्री, स्कुल नर्सहरू र पर्याप्त सरसफाइ सुविधाको अभाव देखिएको बताउनुभयो । लिभरपुल जोन मुर्स विश्वविद्यालयका प्रा डा सारा पार्करले महिनावारी स्वास्थ्य एक विश्वव्यापी मुद्दा भएकाले यसलाई समुदाय र सरोकार भएका निकायबीच समन्वय आवश्यक भएको बताउनुभयो । प्रा डा मधुसूदन सुवेदीले हरेक परिवार र समुदायभित्र हुने भेदभावको सामना गर्नुपर्ने बताउनुभयो । शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव समन्तमणि आचार्यले बालिका र महिलाको अधिकारको रक्षालाई शैक्षिक प्रणालीले प्राथमिकतामा राखेको जानकारी दिनुभयो । राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले बालिका तथा किशोरीको शिक्षा-स्वास्थ्यका क्षेत्रका समस्या समाधानमा सरकार र सम्बद्ध पक्षबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

ज्ञानका कार्यकारी निर्देशक बीके श्रेष्ठले शिक्षामा पहुँचवृद्धिलाई सघाउन र शैक्षिक अवरोधलाई अध्ययनले सम्बोधन गर्ने अपेक्षा व्यक्त गर्दै महिनावारी स्वास्थ्य शिक्षाका क्षेत्रमा बालिकाले सामना गर्नुपरेको वास्तविकता पहिचान गरी दीर्घकालीन समाधान खोज्नुपर्ने धारणा राख्नुभयो ।

## नवनियुक्त प्रमुख निर्वाचन आयुक्त र आयुक्तद्वारा पदबहाली

काठमाडौँ । नवनियुक्त प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्की तथा आयुक्तद्वय गुरुप्रसाद वाग्ले र डा राजीव सुब्बाले शुक्रबार निर्वाचन आयोगमा पदबहाली गर्नुभएको छ । पदबहालीपछि बसेको आयोगको बैठकले हाल सङ्घीय संसद्मा पेस हुने क्रममा रहेको एकीकृत निर्वाचन व्यवस्थापन विधेयकअनुसार एकीकृत निर्वाचन व्यवस्थापन नियमावलीको मस्यौदा तयार गर्ने निर्णय गरेको छ ।

साथै निर्वाचनमा नागरिकको अपेक्षाबमोजिम आधुनिक सूचना प्रविधिको प्रयोगसम्बन्धी अवधारणापत्र तयार गर्ने, मतदाता नामावलीलाई त्रुटिरहित, अद्यावधिक र विश्वसनीय बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । सो अवसरका प्रमुख निर्वाचन आयुक्त कार्कीले आयोगका कर्मचारीलाई निर्देशनात्मक सम्बोधन गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र समावेशी निर्वाचन सम्पन्न गराउने दायित्वलाई प्रभावकारी रूपमा निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन, कर्मचारी आचार संहिताको पूर्ण पालना गर्न तथा उच्च मनोबल, व्यावसायिकता र उत्तरदायित्वका साथ कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिनुभयो । संसदीय समितिबाट अनुमोनपछि राष्ट्रपति रामचन्द्र पौडेलबाट उहाँहरूको बिहीबार नियुक्ति भएको थियो ।

## चितवनमा सद्भाव र्‍याली

चितवन । भरतपुर महानगरपालिकाले जिल्लामा शुक्रबार सद्भाव र्‍याली आयोजना गरेको छ । भरतपुरको चौबीसकोठीबाट पुलचोकसम्म आयोजना गरिएको सद्भाव र्‍यालीपछि जिल्ला समन्वय समिति चिवनका प्रमुख नारायणप्रसाद अधिकारीले नेपाल बहुजातिय, बहुधार्मिक, बहुभाषिक विविधताबीच एकतामा बाँधिएको मुलुकका रूपमा रहेका बताउनुभयो ।

पछिल्लो समय सुनसरी, सिरहा लगायत देशका विभिन्न जिल्लामा देखिएका घटनाप्रति चिन्ता व्यक्त गर्दै उहाँले समाजमा आपसी विश्वास, सहिष्णुता र सामाजिक एकतालाई थप मजबुत बनाउन सबैलाई आग्रह गर्नुभयो ।

भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले शान्ति, सद्भाव र एकताका लागि शान्तिपूर्ण ऐक्यबद्धता र सहकार्य आवश्यक रहेको बताउनुभयो । नेपाल विविधताले सम्पन्न बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक राष्ट्र भएकाले यही विविधता राष्ट्रिय एकताको आधारका रूपमा रहेको बताउनुभयो ।

शुक्रबारको र्‍यालीमा प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, जिल्लाका राजनीतिक दलका प्रतिनिधि, विभिन्न धार्मिक तथा सामाजिक सङ्घसंस्थाका अगुवा, नागरिक समाज, सुरक्षाकर्मी तथा सर्वसाधारणको समेत उल्लेख्य सहभागिता थियो ।

## सरकारले प्रदेशको अधिकार उच्च प्राथमिकतामा राखेको छः प्रधानमन्त्री

काठमाडौँ । प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो नेतृत्वको सरकारले प्रदेशहरूको सशक्तीकरण र अधिकारसम्पन्नतालाई उच्च प्राथमिकतामा राखेको बताउनु भएको छ ।

तराई-मधेसमा पछिल्लो समय उत्पन्न परिस्थितिबारे विमर्श गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित उच्चस्तरीय बैठकमा प्रधानमन्त्री शाहले संविधानको पूर्ण र प्रभावकारी कार्यान्वयनबाट मात्रै सबै प्रदेशहरू पूर्ण रूपमा सशक्त बन्ने यथार्थ औँल्याउनुभयो । संविधान जारी भएपछि सङ्घीयताको अभ्यास निरन्तर भइरहेको उल्लेख गर्दै उहाँले प्रदेशहरूलाई केन्द्रबाट आफ्ना अधिकार सुम्पन र स्थानीय तहसम्म अधिकारको सहज प्रत्यायोजन गरी सक्षम बनाउन वर्तमान सरकार पूर्ण प्रतिबद्धताका साथ क्रियाशील रहेको प्रष्ट पार्नुभयो । प्रधानमन्त्री शाहले सरकारद्वारा प्रस्तुत बजेट पूर्ण रूपमा समावेशी रहेको र यसले देशका सबै भौगोलिक क्षेत्र, समुदाय तथा सीमान्तकृत वर्गको हितलाई समेट्ने उद्देश्य राखेको बताउनुभयो । प्रधानमन्त्रीको सर्वोच्च पदमा रहेर आफूले सम्पूर्ण नेपाली नागरिकलाई सधैँ समान दृष्टिले हेर्ने र प्रधानमन्त्री कार्यालय देशका प्रत्येक नागरिकप्रति समान रूपमा उत्तरदायी रहने उहाँले प्रतिबद्धता जनाउनुभयो । वर्तमान संवेदनशील परिस्थितिमा देशको संविधानले अङ्गीकार गरेका आधारभूत मूल्यहरू, लोकतान्त्रिक प्रणाली, विधिको शासन तथा राष्ट्रिय एकतामाथि कुनै प्रकारको सम्झौता हुन नसक्ने प्रधानमन्त्री शाहले उल्लेख गर्नुभयो ।

'संविधान बलियो भएमात्रै सम्पूर्ण नेपालीको भविष्य बलियो हुन्छ' भन्ने राष्ट्रिय सङ्कल्प व्यक्त गर्दै प्रधानमन्त्री शाहले सबै राजनीतिक दल, सामाजिक तथा धार्मिक नेतृत्व एवं आमनागरिकलाई संयमता, संवाद र अटुट राष्ट्रिय एकताको



पक्षमा दृढतापूर्वक उभिन आह्वान गर्नुभयो । बैठकमा तराई-मधेसका महन्थ ठाकुर, राजेन्द्र महतो, लालबाबु राउत, रामकुमार शर्मा, समिम मियाँ अन्सारी, प्रभु साह, अमरेशकुमार सिंह, शरतसिंह भण्डारी, डा सीके राउतलगायत नेताहरूको सहभागिता थियो । बैठकमा उहाँहरूले तराई-मधेस क्षेत्रका विविध समसामयिक समस्या, सुरक्षा चुनौती, सुशासनको प्रत्याभूति र सङ्घीयताको मजबुतीका सम्बन्धमा आफ्ना माग, विश्लेषण तथा सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

## हेटौँडामा आज सद्भाव र्‍याली गरिने

बागमती । बागमती प्रदेशको राजधानी तथा मकवानपुर जिल्लाको सदरमुकाम हेटौँडामा शनिबार बृहत सद्भाव र्‍याली आयोजना गरिने भएको छ । सुनसरी, सिरहासहित तराई-मधेसका जिल्लामा भएका घटना र त्यसपश्चात् भइरहेका प्रदर्शनका कारण प्रतिकूल अवस्था सिर्जना हुन नदिन र सम्पूर्ण समुदायबीच आपसी सद्भाव, मेलमिलाप, भाइचारा तथा सहिष्णुता कायम राख्न हेटौँडामा बृहत सामाजिक सद्भाव र्‍याली गर्न लागिएको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुर का तर्फबाट सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले शनिबार (आज) हुने सद्भाव र्‍यालीमा सहभागिताका लागि सबैलाई आह्वान गर्नुभयो । शनिबार दिउँसो ४:०० बजे हेटौँडा उपमहानगरपालिका-४ हुप्राचौरमा जम्मा भई बृहत सामाजिक सद्भाव र्‍याली गर्न लागिएको जनाउँदै उहाँले सहभागिताका लागि सबैलाई अपिल गर्नुभयो । सम्पूर्ण धार्मिक सङ्घसंस्थाका अगुवा तथा प्रतिनिधि, विभिन्न धर्मसंस्कृतिमा आस्था राख्ने धर्मावलम्बीहरू, जिल्लास्थित राजनीतिक दल, जन-प्रतिनिधिहरू, विभिन्न हितसमूहहरू, अधिकारकर्मीहरू, आमसञ्चारकर्मी, टोल विकास संस्था, गैरसरकारी संस्था, नागरिक समाज, सुरक्षा निकाय, सरकारी निकायका कर्मचारीलगायत आमजनसमुदायको सहभागितामा र्‍यालीलाई सफल बनाउन पनि प्रशासनले सबैमा अनुरोध गरेको छ ।

## तार व्यवस्थापन पूरा गर्न आइस्पानलाई अन्तिमपटक १५ दिन म्याद

काठमाडौँ । काठमाडौँ उपत्यकामा वर्षौंदेखि बिजुलीका खम्बामा गुजुल्टिएका, लत्रिएका तथा प्रयोगविहीन इन्टरनेट, टेलिफोन र केबलका तार व्यवस्थापनका लागि तोकिएको समयसीमाभित्र काम पूरा गर्न नसकेपछि इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल (आइस्पान) ले अन्तिमपटक १५ दिनको थप समय मागेको छ । सूचना तथा सञ्चार मन्त्रालयमा शुक्रबार बसेको सरोकारवाला निकायहरूको बैठकमा आइस्पानले काम सम्पन्न गर्न थप समय आवश्यक रहेको जनाएको हो । बैठकमा सूचना तथा सञ्चार मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, आइस्पान तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिको सहभागिता थियो । बैठकमा सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले अव्यवस्थित तार व्यवस्थापन को प्रगति, कार्यान्वयनका क्रममा उत्पन्न समस्या र तिनको समाधानका उपाय सुझाउँदै तोकिएको समयभित्र काम सम्पन्न गर्न निर्देशन दिनुभयो । उहाँले वास्तविक समस्या समाधान गर्न सरकार तत्पर रहेको दोहोर्‍याउँदै परिणाम देखिनेगरी काम गर्न निर्देशन दिनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले भन्नुभयो, "तार व्यवस्थापनलाई सरकारले निष्कर्षमा पुर्‍याएरै छाड्छ । काम गर्दै जाँदा केही समय लाग्न सक्छ तर अब समय लम्ब्याउन सकिँदैन ।" उहाँले काममा देखिएका समस्या र समाधानका लागि सरकारले गर्नुपर्ने विषयबारे समयमै जानकारी गराउन पनि आइस्पानलाई आग्रह गर्नुभयो । उहाँले अव्यवस्थित तार व्यवस्थापन सेवा प्रदायकहरूको कानुनी तथा व्यावसायिक दायित्व भएको स्पष्ट पार्दै विगतमै यो काम भएको भए अहिलेको अवस्था सिर्जना नहुने बताउनुभयो । दीर्घकालीन समाधानका लागि एउटै पूर्वाधार विभिन्न सेवा प्रदायकले साझा रूपमा प्रयोग गर्न सक्ने व्यवस्थाबारे अध्ययन गर्न पनि उहाँले निर्देशन दिनुभयो । सञ्चारमन्त्री तिमिल्सिनाले सेवा प्रदायक र नियामक दुवै निकायको कार्यसम्पादनप्रति असन्तुष्टि जनाउँदै तोकिएको समयमा काम सम्पन्न नहुनु आइस्पान र नियामक नेपाल दूरसञ्चार प्राधिकरण दुवैको असफलता भएको उल्लेख गर्नुभयो ।

## सामाजिक एकता र सद्भाव कायम राख्न अपिल

गण्डकी । कास्कीमा क्रियाशील प्रमुख राजनीतिक दलहरूले धार्मिक, सामाजिक, सांस्कृतिक एकता र सहिष्णुता कायम राख्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूले सामाजिक सद्भाव र एकता बिथोलिने खालका कुनै पनि गतिविधिमा संलग्न नहुन सम्बद्ध सबैमा आग्रह गरेका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का जिल्ला सभापति यदुनाथ अधिकारी, नेपाली कांग्रेसका सभापति किशोरदत्त बराल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) सचिवालय सदस्य झपट रानाभाट, नेपाली कम्युनिष्ट पार्टी ( नेकपा)का नेता डिवी राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का जिल्ला अध्यक्ष नारायण गुरुङद्वारा शुक्रबार संयुक्त रूपमा जारी अपिलमा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा समुदायबीच द्वेष फैलाउने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।



सामाजिक सञ्जालमा भ्रम फैलाउने, कुनै धर्म, संस्कृति वा समुदायविरुद्ध घृणा फैलाउने अभिव्यक्ति र गतिविधिले सामाजिक सद्भाव खलबल्याउन सक्ने भन्दै त्यस्ता कार्य नगर्न/नगराउन सबैमा आग्रह गरिएको छ । दलहरूले आपसी सद्भाव, एकता र भातृत्व कायम राख्न सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, धार्मिक गुरुहरू, युवा वर्गलगायतलाई अनुरोध गरेका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com